बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

टोखा चण्डेश्वरी अस्पताल, काठमाडौं

कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०३/२१

यस अस्पतालको आ.व.२०८३/०८४ को लागि देहायका पदमा कार्य गर्ने गरी कर्मचारी आवश्यक भएकोले चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि-२०७८ बमोजिम उक्त पदहरुमा करार सेवामा कर्मचारी भर्ना गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको योग्यता भएका नेपाली नागरिकहरुबाट रितपूर्वक उक्त कार्यविधिको दफा ७ को उपदफा (१) अनुसार अनुसूची-२ बमोजिमको ढाचामा दरखास्त फारम भरी अस्पताल प्रशासन शाखामा बुझाउनुहुन सम्बान्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नागी आएको र रित नपुगेका दरखास्त उपर कारबाही गरिने छैन ।

तपसिलः

सि. न.	विज्ञापन नम्बर	पद	सेवा	समुह	तह	संख्या	कैफियत
१	१-२०८२/८३	मेडिकल अधिकृत	स्वास्थ्य	ज.हे.स.	८	१	स्थाई दरबन्दी करार
२	२-२०८२/८३	रेडियो ग्राफर	स्वास्थ्य	रेडियोग्राफी	५	१	समिति करार
३	३-२०८२/८३	हेल्थ असिस्टेन्ट	स्वास्थ्य	हे.इ.	५	१	
४	४-२०८२/८३	स्टाफ नर्स	स्वास्थ्य	जनरल नर्सिंग	५	१	
५	५-२०८२/८३	ल्याब असिस्टेन्ट	स्वास्थ्य	मे.ल्या.टे.	५	२	
६	६-२०८२/८३	फार्मेसी सहायक	स्वास्थ्य	फार्मेसी	५	१	

न्यूनतम योग्यता र अनुभवः

★ **शैक्षिक योग्यताः** सम्बन्धित विषयमा लोकसेवा आयोगद्वारा निर्धारण गरे बमोजिमको न्यूनतम योग्यता भएको हुनुपर्नेछ ।

★ **उमेर हदः** दरखास्त दिने अन्तिम मितिसम्म सहायक तहका लागि १८ वर्ष र अधिकृत तहका लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

★ **काउन्सिल दर्ताः** सम्बन्धित व्यवसायीक परिषद् (Council) मा दर्ता भई नवीकरण भएको हुनुपर्नेछ ।

★ **अनुभवः** सम्बन्धित विषय वा क्षेत्रमा काम गरेको भए सोको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

★ **अयोग्यताः** अन्य प्रचलित कानुनद्वारा अयोग्य नठहरिएको हुनुपर्नेछ ।

अन्य विस्तृत विवरणहरूः

★ **भर्ना तथा छनोट प्रक्रियाः** अन्तर्वार्ता ।

★ **करार सम्झौता स्वतः रद्द हुने अवस्थाः** स्वीकृत स्थायी दरबन्दीको हकमा लोकसेवा आयोगबाट पदपूर्तिका लागि सिफारिस भई आएमा वा स्थायी कर्मचारी सरुवा भई/खटी आएमा यो करार सम्झौता स्वतः हट्नेछ ।

★ **सेवा अवधिः** आ.व. २०८३/८४ को असार मसान्तसम्मका लागि। (नोटः बजेट सुनिश्चितता र कार्य सम्पादन मूल्याङ्कनको आधारमा म्याद थप गर्न सकिनेछ) ।

★ **दरखास्त/परीक्षा दस्तुरः** अधिकृत स्तर (आठौं तह) का लागि रु. १,२००/- र सहायक स्तरका लागि रु. ७००/-।

★ **राजस्व जम्मा गर्ने विवरणः** राष्ट्रिय वाणिज्य बैंकको राजस्व खाता नम्बर १०००१००२०००१०००, राजस्व शीर्षक नम्बर १४२२४ र कार्यालय कोड नं. ३७००१३५०१३ मा रकम जम्मा गरेको सक्कल भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ ।

★ **परीक्षा मितिः** दरखास्त लिने म्याद समाप्त भएपछि पछि तोकिनेछ।

★ **अन्य सर्तहरूः** यस सूचनामा उल्लेख नभएका विषयहरू प्रचलित कानुन बमोजिम हुनेछन् ।

थप जानकारीका लागि सम्पर्कः

★ कार्यालय फोन नं: ०१-५११००८९, ९८५१४२९२३५

★ इमेलः tokhahospital@bagamati,gov,np

★ वेबसाइटः https://tokhachandeshworihospital.bagamati.gov.np/

बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

टोखा चण्डेश्वरी अस्पताल, काठमाडौँ

विषय: विज्ञापन संशोधन सम्बन्धी सूचना

संशोधन सूचना प्रकाशित मिति: २०८३/०३/२४

यस अस्पतालको करार सेवाको रिक्त पदपूर्ति सम्बन्धी प्रथम पटक मिति २०८३/०३/२१ गते प्रकाशित "कर्मचारी आवश्यकता सम्बन्धी सूचना" मा केही बुँदाहरू देहाय बमोजिम संशोधन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

देहाय:

☐ क्रि.नं. ५ मा उल्लेखित विज्ञापन नम्बर ५-२०८२/८३ को पद ल्याब टेक्निसियन (तह: ५, समूह: मे.ल्या.टे.) कायम गरिएको छ।

☐ भर्ना तथा छनोट प्रक्रिया सम्बन्धी लिखित परीक्षा र अन्तर्वार्ता कायम गरिएको छ।

थप जानकारीका लागि सम्पर्क:

कार्यालय फोन नं: ०१-५११००८९, ९८५१४२९२३५

इमेल: tokhahospital@bagamati.gov.np

वेबसाइट: tokhachandeswarihospital.bagamati.gov.np